
# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## बर्दगोरिया गाउँपालिका
## कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

**(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)**


प.सः २०७८।७९

च.नः ३०

मितिः २०७८।५।४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

बर्दगोरिया गाउँपालिका, कैलाली

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

.................................

नारायण एम.सी.

( नायव महालेखापरीक्षक)

***बोधार्थः***

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**

**सिंहदरवार, काठमाडौं** — प्रतिवेदन संलग्न छ ।


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९ मितिः २०७८।५।४
च.नः३१

**विषयः लेखापरीक्षण प्रतिवेदन**

श्री अध्यक्षज्यू,
बर्दगोरिया गाउँपालिका, कैलाली

**कैफियत सहितको राय**

हामीले बर्दगोरिया गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्वन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.५ करोड १२ लाख ५७ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ४७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९८ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.२७ लाख ५८ हजार र पेस्की बाँकी रु. ३ करोड ८४ लाख ३६ हजार रहेको छ ।

२.लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१०।२६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न ८ दफाको रु.१३ लाख ५३ हजार असुल तथा प्रमाण कागजात पेश हुन आएकोले उक्त दफाहरू प्रारम्भिक प्रतिवेदनबाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्योट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २४(चौविस) यसैसाथ संलग्न छ ।

३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

नारायण एम. सी.
( नायब महालेखापरीक्षक)

# बर्दगोरिया गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न बर्दगोरिया गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्न र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । बर्दगोरिया गाउँपालिका अन्तर्गत ६ वडा रहेको ३४ सभा सदस्य ७७.२६ व.कि.मी. क्षेत्रफल, ३२६८३ जनसंख्या रहेको छ । यो गाउँपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**संचित कोष :** आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | २१५१३०५९ | १ | **चालु खर्च** | | २३३१०१८३१ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | | १८३६३८५३६ |
| | ख) बैंक | २१५१३०५९ | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ८८७१५२६१ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ३६२३१९३३ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ५२४८३३२८ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | ० | | ४ | **लगानी** | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | २३०९७५९१५ | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | १११४००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ८९५७५९१५ | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ० | | ५ | **अन्तरसरकारी अख्तियारी** | | |
| | घ) विशेष अनुदान | ३००००००० | | | क) सामाजिक सुरक्षा | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २४०९८५७८ | | ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण | | |
| | क) वित्तिय समानीकरण अनुदान | ७०७४००० | | | ग) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | |
| | ख) सशर्त अनुदान | ० | | ६ | अन्य | | |
| | ग) समपुरक अनुदान | १३१२४५७८ | | | क) सडक विभाग सडक मर्मत सम्भार | | |
| | घ) विशेष अनुदान | ३९००००० | | | ख) प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम | | |
| ५ | **अन्तर सरकारी अख्तियारी** | | ७३०८२८६५ | | ग) राष्ट्रिय स्वयमसेवक सेवा कार्यक्रम | | |
| | क) सामाजिक सुरक्षा | ७५३७१२०० | | | घ) शिक्षा विकास निर्देशनालय | | |
| | ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | | | ७ | **स्थानीय प्रकोप व्यवस्थापन कोष** | | |
| | ग) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | | ८ | **धरौटी फिर्ता** | | ६७२७४६ |
| ६ | **अन्य** | | १४४६७००० | ९ | कोष फिर्ता | | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | क) सडक बोर्ड नेपाल | ५६७००० | | १० | शसर्त अनुदान फिर्ता | | ४८३९८१२६ |
| | ख) एन एन एस डब्ल्यु ए | ७००००० | | | क) संघीय सशर्त अनुदान फिर्ता | | |
| | ग) जिल्ला समन्वय समिति | ११५००००० | | | ख) प्रदेश सशर्त अनुदान फिर्ता | | |
| | घ) शिक्षा विकास निर्देशनालय | १७००००० | | ११ | बाँकी मौज्दात | | ४६८१९९२१ |
| ७ | स्थानीय प्रकोप व्यवस्थापन कोष | | १६१३२६७८ | | क) सञ्चित कोष | ४३८०२८१५ | |
| ८ | कर्मचारी कल्याण कोष | | | | ख) धरौटी खाता | ३०१७१०६ | |
| ९ | विभाज्य कोष | | | | ग) विभाज्य कोष | | |
| १० | धरौटी आय | | ३६८९८५२ | | घ) कर्मचारी कल्याण कोष | | |
| ११ | अन्य विविध आय | | | | ङ) प्रकोप व्यवस्थापन कोष | | |
| | जम्मा | | ४७२६७५२०८ | | जम्मा | | ४७२६७५२०८ |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वितिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७७।१०।२४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| | **लेखापरीक्षणको क्रममा असुली :१९७७४२** | |
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक बर्षको साउन एक गतेदेखि आगामी बर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक बर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस बर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको बास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस बर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत बर्षको अन्त्यमा सञ्चित कोषमा रु.२२९६२१९३।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२२७९२३५२।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१६९८४१।— घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने रु. | १६९८४१ |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक बर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक बर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता तथा पुजीगत खर्च खातामा मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र बैक बिचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा मिति २०७६।३।१० गते रु.३१ करोड ५० लाख ८४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा असार मसान्तभित्रै पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |
| ५. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, | |

| दफा नं. | भौ.नं. मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ६. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ७. | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगततफ बार्षिक रु.१४ करोड ८७ लाख ४१ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१ करोड ४८ लाख ५० हजार अर्थात ९.९८ प्रतिशत, दोश्रो चौमासिकमा रु.१ करोड ८ लाख ८५ हजार, अर्थात ७.३२ प्रतिशत र तेश्रो चौमासिकमा रु.१२ करोड ३० लाख ३१ हजार , अर्थात ८२.७१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड ३७ लाख ३६ हजार अर्थात ६९.७४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। | |
| ८. | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २०२७९००० | १६४७६७९५ | ८१.२५ |
| २ | पूर्वाधार विकास | १८०१०८००० | १११३३३७७७ | ६१.८२ |
| ३ | सामाजिक विकास | १९६४७९२७५ | १५६८३३४६३ | ७९.८२ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १२१२४७५० | १२१२४७५० | १०० | |
| | ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | | | | |
| ९. | **खर्च बिश्लेषण:** पालिकाले यसबर्ष आन्तिरक आयबाट रु.३६२३१९३३।-, राजस्व बाँडफाँडबाट रु.५२४८३३२८ आम्दानी भएकोमा चालु तर्फ रु.१५६८७०१४०।- र पूँजिगत तर्फ रु.१२५१३६१४२।- गरी कुल रु.२८२००६२८२।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १२.८४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५५.६२ प्रतिशत चालु र ४४.३७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | | | | | |

१०. **<u>बजेट संशोधन एवं रकमान्तर:</u>**

पाँचौ गाउँसभाको बैठकबाट यस कार्यालय र अन्तर्गत वडा कार्यालयहरुमा विनियोजन गरेको बजेट तथा कार्यक्रमहरुमा निम्नानुसार खर्च गर्न संशोधन/रकमान्तर स्वीकृतिको लागि आगामि छैठौं गाउँ सभामा पठाउने निर्णय गरी गाउँकार्यपालिकाबाट रु.३१६१७४१४।— वरावरको कार्यक्रम संशोधन एवं रकमान्तर गरेकोमा गाउँसभाबाट उक्त निर्णय स्वीकृति/अनुमोदन भएको छ।

| विवरण | रकम |
|---|---|
| केन्द्रीय १ वटा योजनाबाट १ वटा योजनामा | १०,००,००० |
| १ नं. वडाका ६ योजनाबाट ९ योजनामा | ४३,०१,४६७ |
| २नं. वडाका ११ योजनाबाट १८ योजनामा | २६,२८,१३० |
| ३ नं. वडाका ४ योजनाबाट १० योजनामा | ७५,००,००० |
| ४ नं. वडाका १२ योजनाबाट १६ योजनामा | ४९,०३,३५० |
| ५ नं. वडाका ५ योजनाबाट ८ योजनामा | २५,९६,४६७ |
| ६ नं. वडाका ७ योजनाबाट १८ योजनामा | ७२,३९,००० |
| सेवाप्रभाव तथा सुशासन शाखा ४ योजनाबाट ५ योजनामा | ९,००,००० |
| कृषि शाखाका ३ योजनाबाट ४ योजनामा | २,५०,००० |
| पशु शाखाका १ योजनाबाट २ योजनामा | २,००,००० |
| स्वास्थ्य शाखाका १ योजनाबाट १ योजनामा | १,००,००० |
| जम्मा | ३,१६,१७,४१४ |

कार्यालयले योजना तर्जुमा गर्दा विस्तृत सर्भेक्षण तथा प्राथमिकीकरण गर्न नसक्दा गाँउसभाबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसकी रकमान्तर गरी अन्यत्र खर्च गर्नुपर्ने अवस्था देखियो । अत: योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ ।

११. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती बिवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १२. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११४ दरबन्दी स्वीकृत रहेको छ जसमध्ये अधिकृत स्तरका २ जनासहित ७ जना रिक्त रहेकोमा रिक्त जनशक्तिसमेत करारबाट पुर्ति गरिएको छ । | |
| १३. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६६ जना कर्मचारीहरु करार तथा ज्यालादारीमा राखेको छ । | |
| १४. | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने, इ हाजिरी अनिवार्य हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले अर्थ मन्त्रालयको स्वीकृती वेगर तथा इ हाजिरी अभिलेख नराखी प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु...... | १६००२१२ |
| ५. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्थाअनुसार गाउँपालिकाले गाउँ प्रोफाइल बनाएको छ। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| . | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | <table><tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>५</td></tr><tr><td>**पञ्जिकरणतर्फ**</td><td></td></tr><tr><td>जन्मदर्ता</td><td>२८५२</td></tr><tr><td>मृत्युदर्ता</td><td>२८७</td></tr><tr><td>बसाईसराई दर्ता</td><td>४३३</td></tr><tr><td>विवाह दर्ता</td><td>५०३</td></tr><tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>३</td></tr><tr><td>**पूर्वाधार विकास सडक निर्माण**</td><td></td></tr><tr><td>कालोपत्रे सडक निर्माण</td><td rowspan="4">पेश नभएको</td></tr><tr><td>कालोपत्रे सडक मर्मत</td></tr><tr><td>ग्राभेल सडक निर्माण</td></tr><tr><td>ग्राभेल सडक मर्मत</td></tr></table> माथि उल्लिखित विवरण अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । गाउँपालिकाले सेवाप्रवाहलाई थप परिस्कृत बनाउँदै लैजानुपर्दछ । | |
| १७. | **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| १८. | **कानून निर्माण र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । हालसम्म गाउँपालिकाले १९ कानून बनाएको छ । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको नगर प्रहरी, स्थानीय तथ्याङ्क, आधारभुत स्वास्थ्य, कृषि तथा पशुपालन लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ । | |
| १९. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व. ०७६/७७ मा १६ वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले ८ वटा मुद्दा फछ्र्यौट गरेको र ८ वटा मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी गाउँपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाउँपालिकाले विशेष ध्यान दिनुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **पदाधिकारी सुविधा** | |

२०. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.५९१२५००।- सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष.. ९ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३२ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | १८००० | १४४००० | १०८०००0 | ३६०००० | ६५४००० |
| २ | यातायात खर्च | ० | ० | ० | ५४००० | १८०००० | २३४००० |
| ३ | टेलिफोन,मोबाइल | ७२००० | ७०००० | १८९००० | १६२००० | ३६०००० | ८५३००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ६०००० | ५०५०० | २८८००० | २१६००० | ४८०००० | १०९४५०० |
| ५ | समन्वय तथा सहजीकरण | १०८०००० | ८४००० | ४३२००० | ३६०००० | ७२०००० | १७०४००० |
| ६ | अतिथि सत्कार | १२००००० | १०८००० | ५०४००० | ० | ० | ७३२००० |
| ७ | खानेपानी/बिजुली /सरसफाई | ३१५०० | २८००० | १३६००० | १०८००० | ० | ३०३५०० |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | ९६००० | ५४००० | १४०००० | ३३७५०० |
| | जम्मा | | | | | | ५९१२५०० |

२१. **आर्थिक सहायता** - अन्य सामाजिक सहायता कार्यक्रममा वडागत सिफारिस तथा निवेदनका आधारमा जोखिममा परेका व्यक्तिहरुलाई रु.५०००००।— नगद बाँडेको देखियो । गाउँपालिकाले वडागत सिफारिस मात्रको आधारमा बाँडिएको उक्त रकम भैपरि आउने सहायता खर्च कै रुपमा निजहरुलाई दिएको पाईयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको रु. — ५०००००

• **अनुदान फिर्ता, वितरण र उपयोग**

२२. **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेको संघीय अनुदान रु.३५२६३५९२।- संघीय सञ्चित कोषमा तथा प्रदेश अनुदान रु.१३१३४५३४।- प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २३. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २४. | **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२ करोड ५१ लाख ३६ हजार पूँजीगत खर्च गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना तथा गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २५. | **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.४४५९००।- बजेटबाट खर्च गरेको छ । | |
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| २६. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.८००००००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.५५०४५२५।- अर्थात अनुमान भन्दा ३१.१९ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २७. | **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०००००० | २४५८२०४ | २४८.२० | |
| | घरजग्गा बहाल कर | ५००००० | ७५२३२० | १५०.४६ | |
| | व्यवसाय कर | ५००००० | ४६५०० | ९.३ | |
| | बहाल विटौरी शुल्क | - | - | - | |
| | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मात्र सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | | | | |
| २८. | **बहाल कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहले घरवहाल कर लगाउन पाउने उल्लेख छ भने ढुवानीमा उठाएको बहाल करको सम्बन्धमा उल्लेख भएको छैन । स्थानीय तहले ढुवानीमा उठाएको रु.९२४७२८।— आफ्नो संचित कोषमा दाखिला गरेकोले उक्त ढुवानी कर संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | | | | ९२४७२८ |
| २९. | **राजश्व दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | | | | |
| ३०. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष गाउँपालिकाले यस शिर्षकमा कर उठाएको छैन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | | | | |
| ३१. | **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ। | | | | |
| ३२. | **दहत्तर बहत्तर शुल्क :** सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । आ.व. २०७६/७७ मा दहत्तर बहत्तर ठेक्कावापत बि एण्ड बि बिल्डर्ससँग | | | | |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.१०००५०००।— मा सम्झौता भएकोमा ठेकेदारले रु.६३५५०००।— बुझाएको छ । गाउँपालिका र ठेकेदारका बीचमा भएको सम्झौताको शर्त नं. १७ मा प्रथम पक्षले द्वितिय पक्षलाई कबोल गरेको ठेक्का अंकमा कुनै मिन्हा दिइने छैन भन्ने उल्लेख भएकोमा गाउँपालिकाले ठेकेदारले बुझाउन बाँकी रहेको रकम रु.३६५००००।— कोभिड १९ को कारणले नदीजन्य पदार्थ संकलन गर्न नसकेको कारण देखाई सम्झौताको शर्तको प्रतिकुल हुनेगरी गाउँपालिकाले आय छुट दिएको छ । जसबाट गाउँपालिकाको आम्दानी घट्न गएको छ । | |
| ३३. | **आय ठेक्कामा मु.अ. कर:** कर संकलनकर्ता बि एण्ड बि बिल्डर्ससँग भएको सम्झौताको ३ नं.मा मूल्य अभिवृद्धि कर बाहेक रु.१०००५०००।— संकलनकर्ताले पालिकालाई बुझाउने तथा ६ नं. मा उल्लेखित रकमको मु.अ.कर बुझाएको प्रमाण पेश गर्ने उल्लेख छ । कर संकलन कर्ताले रु.६३५५०००।— रकम बुझाए पनि सो को मु.अ.कर रु.८२६१५०।- मू.अ.कर बुझाएको देखिएन । उक्त मू.अ.कर लेखापरीक्षण अवधिसम्म नबुझाएकोले मू.अ.कर ऐन,२०५२ अनुसार लाग्ने जरिवाना एवं शूल्क सहित हिसाव गरी असुल उपर गरी गाउँपालिकाको नामबाट संधिय राजस्वमा दाखिला गर्नुपर्ने रु. | ८२६१५० |
| | • **आयकर एवं मू.अ.कर** | |
| ३४. | **अग्रिम आयकर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरेको नदेखिएकाले उक्त रकम असुल दाखिला गर्नुपर्ने रु. | ६२५७१ |

| गो.भौ.नं. र मिति | व्यक्तिको नाम | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम, चालु:** | | | | |
| १२८/०७७/३/१८ | पुष्कर विश्वकर्मा | ४२००० | १० | ४२०० |
| १३०/०७७/३/२० | मंगन चौधरी | ८७००० | १० | ८७०० |
| १३२/०७७/३/२३ | दीपेन्द्रप्रसाद शर्मा | १८१७८० | १० | १८१७८ |
| १३०/०७७/३/२० | मंगन चौधरी | ३७७५२० | १ | ३७७६ |
| १३२/०७७/३/२३ | | ५३०४०० | १ | ५३०४ |
| १३३/०७७/३/२३ | | १२०१०० | १ | १२०१ |
| १३७/०७७/३/२६ | | २३४००० | १ | २३४० |
| १३८/०७७/३/२६ | | ३१६६८० | १ | ३१६७ |
| १३९/०७७/३/२६ | | १७७८४० | १ | १७७९ |
| १४६/०७७/३/२९ | | १४५६०० | १ | १४५६ |
| १४८/०७७/३/३० | डोर हाजिरीमा एउटैले सही गरेको । | ३२२४०० | १ | ३२२४ |
| **कृषि, चालु:** | | | | |
| ३५/०७६/९/१७ | वर्षा एग्रोभेट | ९५००० | १.५ | १४२५ |
| ५१/०७७/२/२२ | सुमित एग्रोभेट सेवा | १३१४७५ | १.५ | १९७१ |
| ५३/०७७/२/३० | सुमित एग्रोभेट सेवा | ४७२६७ | १.५ | ७०९ |
| ५४/०७७/२/३० | सुमित एग्रोभेट सेवा | १९६२६७ | १.५ | २९४४ |
| ५९/०७७/३/१० | सुमित एग्रोभेट सेवा | ४६२६७ | १.५ | ६९४ |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | ७४/०७७/३/३१ | साझा एग्रो सेन्टर | १००२०० | १.५ | १५०३ | कट्टी | |
| | | | | | ६२५७१ | | |
| २५. | **मूल्य अभिबृद्धि कर कट्टी** - आर्थिक विधेयक, २०७६ ले मू.अ.कर ऐन, २०५२ मा गरेको संशोधित व्यवस्था एवं मू.अ.कर नियमावली, २०५३ को २१ औं संशोधनअनुसार ६(ग) को थप व्यवस्थाले कार्यालयले ठेक्का, परामर्श, सामान आपूर्तिमा आर्पूतकलाई बिजकअनुसार थप भुक्तानी हुने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुनआउने रकम कार्यालयबाट भुक्तानी खर्च लेख्दा कट्टा गरी सम्बन्धित आर्पूतकको स्थायी लेखा दर्ता रहेको आन्तरिक राजस्व कार्यालयको कोडमा नै दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले भुक्तानीमा थप दिएको मु.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी पुरै मु.अ.कर भुक्तानी दिएको देखियो । परीक्षण भएका भौचरहरुको आधारमा देखिएका उल्लेखनीय मू.अ.कर कट्टी नगरेको कर रकमको मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | | | | | | ३६००४२ |

| गोभौन./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मु.अ.कर कर रकम | ५० प्रतिशत रकम | बिजक नं. |
|---|---|---|---|---|---|---|
| १२/०७६/७/२७ | ………… | | २,००,००० | २३००८ | ११,५०४ | |
| १५ | सांग्रिला इन्फरमेटिक्स प्रा.लि. | | ४,९८,३३० | ५७३३० | २८,६६५ | |
| १८/०७६/८/२६ | फाइबरटेल फाइबरबेट प्रा.लि. | | ४,९८,३३० | ५७३३० | २८,६६५ | |
| ७/०७६/६/१६ | बागेश्वरी सिभिल सन्सल्ट प्रा.लि. | | ९,९४,४०० | ११४४०० | ५७,२०० | |
| १९/०७६/९/३ | कोड फ्युज टेक्नोलोजिज प्रा.लि. | | ४,९७,२०० | ५७२०० | २८,६०० | |
| २०/०७६/९/१२ | सागर गायत्री ट्रेड एण्ड सप्लायर्स | | २,२०,३५० | २५३५० | १२,६७५ | |
| २२/०७६/९/१५ | सुदुर मल्टि ट्रेडर्स | | ३,९९,५०० | ४५९६० | २२,९८० | |
| १९।०७६।५।२४ | फाईबरटेल फाईबरनेट लम्की | | ४२७१३८ | ५५५२८ | २७७६४ | ०५ |
| १९।०७६।५।२४ | फाईबरटेल फाईबरनेट लम्की | | २३७२९२ | ३०८४८ | १५४२४ | ०६ |
| ५८।२०७६।६।८ | सांग्रिला ईन्फोटिक्स ktm | | २२६१५४ | २९४०० | १४७०० | १९ |
| २२८।२०७६।८।२४ | अनुमोदन बिज्ञापन सेवा | | २५२००० | ३२७६० | १६३८० | १४ |
| २५५।२०७६।९।१ | न्यू एस.एस.ट्रेडर्स & सप्लायर्स | | ३८१४०० | ४९५८२ | २४७९१ | ४३ |
| २९४।२०७६।९।१७ | शिवपुरी फर्निचर उद्योग | | ४३८८०० | ५७०४४ | २८५२२ | ६५ |
| ३००।२०७६।९।२४ | लता बिज्ञापन सेवा धनगढी | | २१४२१५ | २७८४८ | १३९२४ | ५१ |
| ३२९।२०७६।१०।८ | सहिदान स्टिल तथा काष्ठ उद्योग प्रा.ली. | | ४३४५८५ | ५६४९६ | २८२४८ | ०६ |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | जम्मा | ३६०,०४२ | | |
| ३६. | **गो.भौ.नं. ७, ०७७/१/१५,** **गो.भौ.नं. २४६, ०७७/३/३०,** वडा नं. सेती लोकमार्ग नजिकको आरा मिलदेखि सामुदायिक स्वास्थ्य नजिक जाने बाटो स्तरोन्नतीको कार्य गर्न एच. पी. कन्स्ट्रक्सनसँग रु.३३,८०,२११ मा ठेक्का सम्झौता भएकोमा सम्झौता बमोजिमका कार्य सम्पन्न भई रु.३४,०५,४९७ भुक्तानी गरेकोमा सम्झौता भन्दा बढी भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु. | | | २५२८६ |
| ३७. | **गो.भौ.नं. १४६, ०७७/३/१६,** श्री मा.बि. कोटा तुल्सीपुर भवन निर्माण उपभोक्ता समितिसँगको स्वीकृत लागत अनुमान रु.४४,८६,९४३ मध्ये कार्यालयबाट रु. १३,६०,००० मात्र भुक्तानी गर्ने गरी गुड नाइबर इन्टरनेशनल र उपभोक्ता समेतको सह लगानीमा रु.४४,७४,५१० मात्रको कार्य सम्पन्न गरी कार्यालयबाट रु.१३,५६,२३१ भुक्तानी गरेको छ। तापनि ठेक्का बील र नापी कार्य सम्पन्न प्रतिवेदन बमोजिम उपभोक्ताले निर्माण सामाग्री खरिद गर्दा Vatable Item का (भ्याटेबल आइटम) संलग्न बील बमोजिम रु.२,८६,१९७ मात्र भुक्तानी गर्नुपर्नेमा मू.अ.कर स्वरुप रु.२,९३,२४३ चार्ज गरी भुक्तानी गरेकोले मू.अ.कर स्वरुपको बढी भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु. | | | ७०४६ |
| ३८. | **गो.भौ.नं. १८२, ०७७/३/२३,** बालकन्या आधारभूत विद्यालयको भवन निर्माण उपभोक्ता समितिसँग स्वीकृत लागत अनुमान रु.२५,००,००० मध्ये कार्यालयबाट रु.२०,००,००० मात्र भुक्तानी गर्ने शर्तमा सम्झौता भई रु.२४,९५,२३१ मात्रको कार्य सम्पन्न भई कार्यालयबाट रु.१९,९६,१८५ भुक्तानी भएको छ । तापनि संलग्न कर बीजक बमोजिम उपभोक्ताको बील बमोजिम रु.१,७४,१५५ मात्र भुक्तानी गर्नुपर्नेमा रु.१,८८,१०८ भुक्तानी भएकोले बढी मूल्य अभिबृद्धि कर भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु...... | | | १३९५३ |
| ३९. | **गो.भौ.नं. २५१, ०७७/३/३०,** रामजानकी खैरेनीको अधुरो घेरा पर्खाल निर्माण उपभोक्ता समितिसँग स्वीकृत लागत अनुमान रु.११,२५,००० मध्ये कार्यालयबाट रु.९,००,००० मात्र भुक्तानी गर्ने शर्तमा रु.१०,७९,८८३ को कार्य सम्पन्न गरी कार्यालयबाट रु. ८,६३,९०६ भुक्तानी गरेकोमा सम्बन्धित उपभोक्ताको बील बमोजिम संलग्न ८ वटा कर बीजक बमोजिमको मूल्य अभिबृद्धि कर रु.५८,९८१ मात्र मूल्य अभिबृद्धि कर भुक्तानी गर्नुपर्नेमा रु.९८,५१४।— भुक्तानी गरेकोले बढी मूल्य अभिबृद्धि कर भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु. | | | ३९५३३ |
| ४०. | **गो.भौ.नं. ४, ०७६/६/८,** साझेदारीमा कस्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चालानार्थ मिति २०७६।२।१६ मा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सुदुरपश्चिम प्रदेश कैलाली र यस गाउँपालिकाबीच सम्पन्न सम्झौता बमोजिम आवश्यक कृषि औजार यन्त्र उपकरणहरुमा दिइने अनुदान स्विकृत लागत अनुमानको मन्त्रालयबाट ६० प्रतिशत र साझेदार स्थानीय तहबाट आफै कार्यक्रम सञ्चालन गर्ने भए ४० प्रतिशत र उपभोक्ता मार्फत् गर्ने भए कम्तिमा ३० प्रतिशत र बाँकी १० प्रतिशत उपभोक्ता स्वयंको लगानी रहने शर्त रहेकोमा कार्यालयले गोचली कृषि सहकारी संस्था लि. जगतपुर बर्दगोरिया ६ लाई उक्त संस्था छनोटको आधार प्रमाण स्वीकृत लागत अनुमान, जिन्सी दाखिला प्रमाण एवं संस्थासँग सम्पन्न सम्झौता बेगर रु. १,९९,४८३ कृषि यान्त्रिकरको निकासा भनी बजेट खर्च लेखेको रकम नियमित नदेखएको रु...... | | | १९९४८३ |
| ४१. | **काम पुरा नगरी कार्यसम्पन्नः** बर्दगोरिया धाममा जालीद्वारा घेरवार तथा थारु संग्रहालय निर्माणको लागि कौशिक निर्माण सेवासँग रु.९४४२०५७०।- मा ठेक्का सम्झौता भएकोमा सम्झौता अंकको | | | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ४४ प्रतिशत मात्र कार्य भएको अवस्थामा कार्यसम्पन्न भएको प्रतिवेदन दिई रु.४४३२०६९।– भुक्तानी दिएको छ । BOQ मा भएका ३७ आइटममध्ये १७ आइटममा शुन्य तथा अन्य आइटमहरु पनि आंशिक कार्य भएको अवस्थामा कार्यसम्पन्न प्रतिवेदन दिएको छ । जसबाट उक्त कार्यमा भएको लगानी खेर जाने अवस्था देखिएको छ । यसरी सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ कार्यालयवाट निरन्तर अनुगमन निरिक्षण गरी सम्वन्धित निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्दछ। | |
| ४२. | **प्रशासनिक भवनः** यस गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्न बोलपत्रको माध्यमबाट निर्माण व्यवसायी श्यामसुन्दर निर्माण सेवासँग मिति २०७६।४।५ गते रु.६,१७,२५,६९१।४८ को सम्पन्न ठेक्का सम्झौता बमोजिम मिति २०७७।७।५ सम्ममा सम्पन्न गरिसक्नु पर्ने भवन निर्माण कार्यको रनिङ्ग बील पेश भई पेश्की समेत रु.१,१५,००,५८३ भुक्तानी भएको छ । हालसम्म सम्पन्न भैसक्नु पर्ने उक्त भवन निर्माण कार्यको करिब २१ प्रतिशत मात्र रकम भुक्तानी भएकोमा सोको भौतिक प्रगति समेत न्यून देखिएकोले निर्माण व्यवसायी एवं कार्यालयको तर्फबाट समेत भवन निर्माण कार्यमा तिव्रता दिंदै अधुरो निर्माण कार्य नियमानुसार सम्पन्न गर्ने गराउनेतर्फ पहल हुनुपर्दछ। | |
| ४३. | **गो.भौ.नं. ५, ०७६/६/१५,** गो.भौ.नं. २३९, ०७७/३/३०, बालकन्या आधारभूत विद्यालय भवन निर्माण उपभोक्ता समितिसँगको मिति २०७६।५।२४ को सम्झौता बमोजिम स्वीकृत लागत अनुमान रु.७३,३४,२१६।६६ मध्ये कार्यालयबाट रु.१८,००,००० मात्र भुक्तानी गर्ने शर्त रहेकोमा जि.स.स. र उपभोक्ताको समेत लागत सहभागीतामा सम्पन्न हुने उक्त भवन निर्माण कार्यको ठेक्का बील बमोजिम रु.२१,१२,८७६।७३ वरावरको मात्र निर्माण कार्य सम्पन्न भएको अवस्थामा सम्झौताको शर्त बमोजिम कार्यालयबाट रु.५,१८,५५३ मात्र भुक्तानी गर्नुपर्नेमा सम्झौता बमोजिमकै रकम रु.१८,००,००० भुक्तानी गरेको पाइयो । यसरी भवन निर्माण कार्यको कार्यसम्पादनको आधारमा भुक्तानी नगरी एकमुष्टमै रकम निकास खर्च गरेको हुँदा सम्झौता बमोजिमको काम नभैसकेको अवस्थामा बढी निकासा गरेको हुँदा सोको अनुगमन निरीक्षण गरी निकासा रकमको उपयोग र प्रभावकारीता सम्बन्धमा अनुगमन हुनुपर्दछ । | १२८१४४७ |
| ४४. | **बढि भुक्तानीः** निम्मानुसार कार्यालयसँगको सम्झौता बमोजिमको कामको परिमाण भन्दा घटी परिमाणको काम सम्पन्न गरेका उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु. | १०२२ |

| गो.भौ.नं.र मिति | विवरण | सम्झौता रकम | भुक्तानी गर्ने रकम | कार्य सम्पन्न रकम | भुक्तानी गरेको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ९१/०७७/२/ ३२ | रामराजनी मन्दिर अधुरो भवन निर्माण | २७१४४० | २००००० | २७००५३ | १९८९७८ | १०२२ |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४५. | **बीमा बढी भुक्तानीः** भुक्तानी गर्दा बीलभरपाई बमोजिम गर्नुपर्दछ । तपसिलबमोजिमका ठेकेदारले पेश गरेको बीजक रकमभन्दा बढी भुक्तानी गरेको हुँदा बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु. | ३४८७७ |

| गो.भौ.नं.र मिति | विवरण | बीमा भुक्तानी | बीमकको कर बीजक रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| ७०/०७७/१/१५<br>२४६/०७७/३/३० | एच पी कन्स्ट्रक्सन | ३३,००० | १७,४७९।०७<br>(३ वटा बीलको) | १५,५२०।९३ |
| ७३/०७७/२/१५<br>२४८/०७७/३/३० | एच पी कन्स्ट्रक्सन | ३५,००० | १५,६४४।११<br>(२ वटा बीलको) | १९,३५५।८९ |

- **उपभोक्ता समिति मार्फत कार्य**

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४७. | **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४८. | **समानीकरणबाट शिक्षकको तलव निकाशा**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.६२३५०००।- तलब भत्ता भुक्तानी गरेको पाईयो । | ६२३५००० |
| ४९. | प्रदेश आर्थिक कार्यबिधि नियमावली २०७६ को नियम ३७(३) अनुसार खर्चको बील भरपाई वा खर्च पुष्टयाईका आधार प्रमाण संलग्न राखी बजेट खर्च लेख्नु पर्नेमा निम्नानुसार कैफियत बेहोरा देखिएकोले उक्त खर्च नियमित छ भन्न सकिएन ।<br><br>**गो.भौ.नं. र मिति** \| **बिवरण** \| **रकम** \| **कैफियत**<br>**सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम, चालुः**<br>४३/०७६/१०/१७ \| कार्यक्रमको लागि भुक्तानी खर्च लेखेको । \| १४३६०० \| भरपाई पेश नभएको।<br>११९/०७७/३/१० \| कृषिको लागि पोषक तत्व वितरणको खर्च लेखेको । \| २००००० \| वितरणको भरपाई नभएको ।<br>जम्मा \| \| ३४३६०० \| | ३४३६०० |
| ५०. | **स्वास्थ्य, चालुः**<br>गो.भौ.नं.५, ०७६/६/२, आयकर ऐन, २०५८ बमोजिम सयकडा दश प्रतिशतले अनुषा फार्मेशी प्रा.लि.लाई भुक्तानी गर्दा घटी कर कट्टि गरेकाले घटी कट्टी गरेको सम्बन्धितबाट असुल गरी | १३२८ |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दाखिला गर्नुपर्ने रु. | |
| ५१. | गो.भौ.नं. ६९, ०७७/३/२९, खर्च गर्दा खर्चको बीलभरपाई समेतका प्रमाण पेश गर्नुपर्दछ । आकस्मिक बाली संरक्षणको लागि झंकर बहादुर रावतले रु. १२९८५० को भुक्तानीमा रु.५०००० को भरपाई पेश नगरेकोले नियमित गर्नुपर्ने रु. | ५०००० |
| ५२. | **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकीकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १२ वटा कार्यक्रममा ३०७ जनालाई रोजगारी उपलब्ध गराई रु.४३८९१४९।- खर्च गरेको छ । लक्षित वर्गलाई रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिँदैन । | |
| | **समानीकरण पूँजिगततर्फ** | |
| ५३. | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले पूर्वाधार विकासका आयोजनाहरुबाट २.५ प्रतिशतका दरले कन्टिजेन्सी खर्च कट्टी गरी विभिन्न ११ वटा खर्च शीर्षकहरुमा कट्टी गरेको रकम रु.४५ लाख खर्च गर्ने भनी निर्णय भएकोमा कार्यालयले यो वर्ष त्यस्ता योजनाहरुबाट के कति कन्टिजेन्सी कट्टी गरी कहाँ कहाँ के कति रकम खर्च गरेको छ सोको अभिलेख पेश हुन आएन । जसले गर्दा कन्टिजेन्सी खर्च यकिन गर्न सक्ने आधार रहेन । कार्यालयले कन्टिन्जेन्सीको अभिलेख राखी कन्टिन्जेन्सी रकमलाई कार्ययोजना बनाई खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५४. | **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ | |

| दफा नं. | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाईएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ५५. | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाईएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ५६. | **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । | |
| ५७. | **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । गाउँपालिकाले संयन्त्र स्वचालित पालिका सफ्टवेयर, पेरोल सफ्टवेयर, स्थानीय तह लेखा प्रणाली सफ्टवेयरसमेत खरिद तथा स्तरोन्नति गर्न रु.९९५७६१।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृती लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृती लिई प्रयोग गर्नुपर्दछ । | |
| ५८. | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन। यसकारण निर्माण कार्य गुणस्तरयुक्त छन भन्न सक्ने अवस्था रहेन। | |
| | **समानीकरण चालुतर्फ** | |
| ५९. | **बढी भुक्तानी** — १९।५।२४ गाउँपालिकाले फाईवरटेल फाईवरनेट लम्की चुहा २ संग ईन्टरनेट सेवा सुविधा लिने सम्झौता भएकोमा सम्झौतामा TCS charge सम्बन्धी कुनै कुरा उल्लेख भएको छैन । पालिकाले ईन्टरनेटको विल भुक्तानी गर्दा विलको रकम रु. ३७८०००।— को १३% का दरले रु. ४९१४० र गो.भौ.न. २५४ मिति २०७६।९।१ विल नं. ३७ वाट विल रकम रु. २१७३८।—को १३% का दरले रु.२८२६।—भुक्तान भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ५१९६६ |
| ६०. | **बढी भुक्तानी** —३४१।२०७६।१०।१० श्री शैलेश्वरी ड्राईभिङ्ग प्रशिक्षण केन्द्रलाई वडा नं. १ मा युवा युवतीहरुलाई ड्राईभिङ्गको प्रशिक्षण दिएवापत रु.२४००००।—भुक्तानी गरेको छ । जसमा रु.२४००००।—को १५% ले हुने रकम ३६०००।— र TDS रु.१०६१।— कट्टा गरी भुक्तानी | |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्नुपर्नेमा रु.२५४०० मात्र कट्टा गरी भुक्तान गरेकोमा बढी भुक्तानी असुली गर्नुपर्ने रु. | १५३९ |
| ६१. | **भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>यसरी स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमणहरुमा ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ६२. | **सामाजिक सुरक्षातर्फ**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको एम.आई.एस. प्रणालीमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यवस्था छ । | |
| | (क) गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन । यो वर्ष सामाजिक सुरक्षा भत्ता रकममा रु. ७५१४७०००।— खर्च भएकोमा सम्पुर्ण बैङ्किङ प्रणालीबाट वितरण गरेको छ। सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसुची ७ बमोजिम बैङ्क र गाउँपालिकाबीच भएको सम्झौताको वडा नं.६ बमोजिमको विवरण बैङ्कले गाउँपालिकालाई उपलब्ध गराएको छैन।सम्झौताको बुँदा नं.१० बमोजिमको निष्क्रिय खाताको विवरणसमेत बैङ्कले उपलब्ध गराएको छैन । बैङ्कबाट सम्झौताबमोजिमको विवरण प्राप्त गर्न गाउँपालिकाले आवश्यक कदम चाल्नुपर्दछ । | |
| | (ख) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली | |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेखे, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता भुक्तानी गर्नुपर्नेमा सो वेगर भुक्तानी भएको छ । एम.आई.एस. प्रणालीलाई अद्यावधिक गर्नेतर्फ गाउँपालिकाले विशेष ध्यान पुऱ्याउनुपर्दछ । | |
| | **प्रकोप व्यवस्थापन कोष (कोभिड १९)** | |
| ६३. | कोभिड १९ बाट उत्पन्न जटिल परिस्थितिको व्यवस्थापन गर्न गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्य स्रोतबाट स्रोत व्यवस्थापन गरी राहत वितरण, क्वारन्टाईमा व्यवस्थापन तथा आइसोलेसन व्यवस्थापनको कार्य गरेको छ । प्रकोप व्यवस्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ। | |

| आम्दानीको विवरण | रकम | खर्चको विवरण | रकम |
|---|---|---|---|
| संघीय संचित कोष | १२४१५०० | राहत वितरण | ३८८२८२९ |
| प्रदेश संचित कोष | ३०४५००० | क्वारेन्टाइन व्यवस्थापन | ३०००६० |
| आन्तरिक स्रोत | १०८९०११० | आइसोलेसन व्यवस्थापन | १६००७०५ |
| संघीय कोभिड कोष | ० | जनशक्ति परिचालन | ३४६९५९३ |
| अन्य | ८७४२१४ | औषधि एवं स्वास्थ्य सामग्री | २६३८६६६ |
| | | अन्य | १२४५५७० |
| | | मौज्दात | २१३४०१ |
| जम्मा | १६०५०८२४ | | १६०५०८२४ |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६४. | **राहत वितरणः** राहत सामग्री खरिद गर्दा सोझै खरिद गरेको छ । गाउँपालिकाले राहत वितरणमा रु.३८८२८२९।- खर्च गरेको छ । जसबाट ३४६६ घरपरिवार लाभान्वित भएका छन्। गाउँपालिकाले राहत वितरणसम्बन्धी मापदण्ड निर्धारण गरी सोही अनुसारका वडाबाट सिफारिस भई आएका नामावली अनुसार राहत वितरण गरेको पाइयो । | |
| ६५. | **क्वारेण्टिन व्यवस्थापनः** गाउँपालिकाले २७ वटा क्वारेण्टिन व्यवस्थापनमा रु.७२३०६५७।- खर्च भएको छ। क्वारेण्टिनमा असार मसान्त सम्म २९१२ जना बसेका छन् । क्वारेण्टिनमा प्रतिव्यक्ति औषत रु.२४८३।- खर्च भएको छ । | |
| ६६. | **जिन्सी व्यवस्थापनः** क्वारेण्टिन व्यवस्थापनको क्रममा खरिद गरिएका खप्ने तथा नखप्ने सामानहरु जिन्सीमा आम्दानी जनाइएको छैन भने खप्ने किसिमका पंखा, पानीट्याङ्की लगायतका सामानहरुसमेत कहाँ के कुन अवस्थामा रहेका छन सो को लगत राखेको पाइएन । विद्यालय तथा सार्वजनिक भवनहरुमा प्रयोग भएका त्यस्ता सामानहरु त्यस्ता संस्थाहरुलाई हस्तान्तरण गरी वा कार्यालयले आफ्नो जिम्मामा लिई संरक्षण गर्नुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६७. | **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६८. | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । | |
| ६९. | **पेश्कीः**<br>सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नम्र्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुंपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्यौंटको लागि पेश गर्ने गरेको देखियो ।<br>**पेश्की फछ्यौंटः**<br>पेश्की दिएको रकम म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका कार्यक्रम पेश्की दिएकोमा म्यादभित्र आर्थिक वर्षको अन्त्यसम्म फर्छ्यौट नभई बाँकी देखिएकाले असूल/ फर्छ्यौट गर्नु गराउनु पर्ने रु. | ३८४३६३६९ |

| सि.नं. | पेश्की लिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम | कैफियत |
|---|---|---|---|---|
| १. | २०७६।५।२४ | श्यामसन्दर निर्माण सेवा प्रा.लि. | ८४,९८,८०० | मोविलाइजेशन |
| २. | २०७६।१०।१९ | रश्मि विल्डर्स प्रा.लि. | ८,४९,००० | |
| ३. | २०७६।१०।१९ | रश्मि विल्डर्स प्रा.लि. | १३,९४,८४५ | |
| ४. | २०७७।२।२५ | एस.ई.कन्स्ट्रक्सन प्रा.लि. | १२,१९,१६१ | |
| ५. | २०७७।३।१९ | एस.ई.कन्स्ट्रक्सन प्रा.लि. | १२,१९,१६३ | |
| ६. | २०७६।१२।२ | एन आई सि एसिया बैङ्क | ८८००० | सा सु पेश्की |
| ७. | २०७७।३।१७ | लक्ष्मी बैङ्क लि. | ४६८२००० | |
| ८. | २०७७।३।१७ | प्रभु बैङ्क | ४४८०४०० | |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | ९. | २०७७।३।१७ | एन आई सि एसिया बैङ्क | ४६२१८०० | | |
| | १०. | २०७७।३।१७ | कञ्चन डेभलपमेन्ट बैङ्क | ३२६३६०० | | |
| | ११. | २०७७।३।२० | एन आई सि एसिया बैङ्क | ९३६८०० | | |
| | १२. | २०७७।३।२० | एन आई सि एसिया बैङ्क | २८०६६०० | | |
| | १३. | २०७७।३।१७ | कञ्चन डेभलपमेन्ट बैङ्क | २०७६०० | | |
| | १४. | २०७७।३।१७ | कञ्चन डेभलपमेन्ट बैङ्क | ४१६८६०० | | |
| | | जम्मा | | ३८५११३६९ | | |
| ७०. | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा प्रत्येक स्थानिय निकायले सबै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । ऐनको ९६ बमोजिम कार्यकारी प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था अनुरुप कार्यालयले आफ्नो आन्तरिक लेखापरीक्षण शाखाबाट आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछर्यौट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछर्यौट गरेको प्रमाण पेश नभएकोले निम्नानुसारका व्यहोराहरु अन्तिम लेखापरीक्षणबाट कायम गरिएको छ । | | | | | |
| ७१. | **कन्टिन्जेन्सी कट्टीः** कन्टिन्जेन्सी कट्टी रु.८३४१२।– कार्यालयले आफ्नो संचित कोषमा दाखिला गरेको देखिएकाले उक्त रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | | | | | ८३४१२ |

## सञ्चित कोषको विवरण

२०७६।०७७

अनुसूची १

(रु. हजारमा)

| क.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | सङ्घ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | बर्दगोरिया गाउँपालिका | कैलाली | २१५१३ | २५५०७४ | ५२४८३ | ३६२३२ | १०७३७३ | ४५११६२ | २३३११० | १४३६७५ | ४९०७१ | ४२५८५६ | ४६८१९ |

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७६।०७७

अनुसूची २

(रु. हजारमा)

| क.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | बर्दगोरिया गाउँपालिका | ४८ | २७ | ५२६१० | ० | ८ | १३५३ | ४८ | २३ | ५१२५७ | २४७ | ९८१६ | २७५८ | ० | ० | १२५७४ | ० | ३८४३६ | ३८४३६ |

## अद्यावधिक बेरुजू स्थिति

२०७६।०७७

अनुसूची ३

(रु. हजारमा)

| क.सं. | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी | हालसम्मको पेश्की बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बर्दगोरिया गाउँपालिका | कैलाली | १९९१३ | ० | ० | १९९१३ | ० | ५१२५७ | ७११७० | ३८९२९ |